# उपभोक्ताको मानवअधिकार संरक्षण तथा सम्वर्द्धनका लागि

# अनुगमन मार्ग–निर्देशिका

## २०६८

Dignity, Equality & Justice for All


## राष्ट्रिय मानव अधिकार आयोग

## २०६८

| | |
|---|---|
| प्रकाशकः | राष्ट्रिय मानव अधिकार आयोग हरिहरभवन, ललितपुर, नेपाल |
| प्रकाशन सहयोगीः | राष्ट्रिय मानव अधिकार आयोग, क्षमता सबलीकरण परियोजना । |
| प्रकाशन मितिः | साउन, २०६८ |
| संस्करणः | पहिलो |
| प्रतिः | १०,००० |
| प्रतिवेदन न. | ७८/१२८/२०६८ (के.का.) |
| मुद्रणः | एपेक्स प्रिन्टिङ प्रेस प्रा.लि., तीनकुने |
| सर्वाधिकारः | राष्ट्रिय मानव अधिकार आयोग, नेपाल । |

आयोगको पूर्व स्वीकृतिबिना यस पुस्तिकामा उल्लिखित विषयवस्तुलाई बौद्धिक तथा शैक्षिक प्रयोजनबाहेक व्यापारिक वा अन्य प्रयोजनको लागि पुनःउत्पादन एवम् मुद्रण गर्ने गरी संग्रह गर्न वा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरु साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# विषयक्रम


उपभोक्ताको मानवअधिकार संरक्षण.... १
नाम र प्रारम्भ ५
परिभाषा ५
आयोगको क्षेत्र तोक्ने ९
आयोगले अनुगमन प्रतिवेदन......... ९
अनुगमन गर्न सक्ने १०
विशेषज्ञ, अनुसन्धान वा परीक्षण... १०
अनुगमन गर्दा ध्यान दिनुपर्ने कुराहरू ११
अनुगमनकर्ताले अनुगमन तथा निरीक्षण........ १३
अनुगमन प्रतिवेदन पेश गर्दा.... १६
अनुगमनकर्ताले प्रदायकसँग गर्नुपर्ने......... २०
उजुरीको अनुगमन सम्बन्धमा २१
सहयोग गर्नुपर्ने २२
प्रतिवेदन तयार गर्ने २२
विविधः २३
अनुसूची–१ २५
अनुसूची–२ २७
अनुसूची –३ ३२

# प्राक्कथन

आमनागरिकहरूले दैनिक जीवनमा उपभोग गर्ने वस्तुहरूमा हुने गरेको मिसाओट, रसायनहरूको प्रयोग र त्यसबाट मानव–स्वास्थ्यमा पर्न सक्ने तत्कालीन र दीर्घकालीन असर हरूले मानिसको स्वास्थ्यसम्बन्धी अधिकार तथा जीवनको अधिकार नै गुम्न सक्ने खतरा विद्यमान रहेको छ । विशेष गरी चाडपर्वको समय र त्यस अघि–पछि पनि तेल, दुध, पानी, मिठाई, माछा/मासु, ग्यास, औषधी, तरकारी, फलफूल, दाल–चामल लगायतका अति आवश्यकीय खाद्य एवम् उपभोग्य पदार्थहरूमा हुने गरेको मिसाओटका कारण गुणस्तरीयता नरहने गरेको र त्यसबाट मानिसको स्वास्थ्यमा असर पर्ने गरेको गुनासाहरू आइरहेका छन् । नापतौलमा कमी हुने गरेको, उपभोग्य वस्तु तथा सेवाहरूको खरीद तथा बिक्रीमूल्य पारदर्शी हुने नगरेको, आपूर्ति व्यवस्था व्यवस्थित र पारदर्शी हुन नसकेको सन्दर्भ पनि अवगत भएकै विषय हो ।

सरकारी निकायहरूमा साधन श्रोतको कमी र समन्वयको अभाव, कानुनी व्यवस्थाहरू समयसापेक्ष हुन नसकेको जस्ता

विविध कारणहरूले आम नागरिक तथा उपभोक्ताहरूले सुरक्षित हुन पाउने अधिकार, क्षतिपूर्ति पाउने अधिकार, सुसुचित हुन पाउने अधिकार, छनौट गर्न पाउने अधिकार लगायतका थुप्रै उपभोक्ताका अधिकारहरू व्यवस्थित रूपमा संरक्षण तथा सम्वर्द्धन हुन नसकिरहेको अवस्था छ । नागरिकको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र दीर्घजीवनसँग गाँसिएका सवालहरू उनीहरूका अधिकार मात्रै होइन राज्यले पुरा गनुपर्ने दायित्व पनि हुन् । यसै सम्बन्धमा आयोगबाट गरिएका विभिन्न अवलोकन, अध्ययन, छलफल तथा अन्तरक्रियापश्चात उपभोक्ताको मानवअधिकार संरक्षण र सम्वर्धनका लागि आवश्यक व्यवस्था गर्न, गराउन जिम्मेवार सम्पूर्ण सरकारी निकायहरू (वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, वाणिज्य विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, गुणस्तर तथा नापतौल विभाग, नेपाल प्रहरी, जिल्ला प्रशासन कार्यालयहरू) लगायत नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल मेडिकल काउन्सिल, उपभोक्ता अधिकार कर्मीहरू, मानवअधिकारकर्मीहरू, विभिन्न गैरसरकारी संस्थाहरू तथा अन्य सरोकारवालाहरू सबैलाई मद्दत पुऱ्याउने

र सोको अनुगमन गर्न सहज होस् भन्ने उद्देश्यले मानवअधिकार दृष्टिकोणमा आधारित यो अनुगमन मार्ग-निर्देशिका तयार गरी जारी गरिएको छ ।

मार्ग-निर्देशिका तयारी गर्ने सन्दर्भमा आयोगको निर्णयानुसार म स्वयम्को संयोजकत्वमा निर्देशक, उप-निर्देशकहरू र अधिकृत सम्मिलित एक समिति गठन भएको थियो । आयोगले उपभोक्ता अधिकारकर्मीहरू ज्योति बानियाा र रमेशचन्द्र पौडेलसमेतको परामर्श र सहयोगमा तयार पारेको मस्यौदाउपर ललितपुर, धनगढी र विराटनगरमा सरोकारवालाहरूसाग परामर्श तथा छलफल गरी सुझावहरू सङ्कलन गरिएको थियो । यस क्रममा आयोगद्वारा समय समयमा सरोकारवाला पक्षहरूसाग गरिएका परामर्श र अन्तरक्रियाहरूबाट प्राप्त उपयुक्त सुझावहरू पनि समावेश गरिएका छन् । साथसाथै, प्रस्तावित मस्यौदाउपर आयोगका सदस्यहरू, सचिव, निर्देशक, उप-निर्देशक, तथा अधिकृतहरूसँग विभिन्न चर णमा व्यापकरूपमा छलफल गरी आएका सुझावहरू समेतलाई ध्यानमा राखी यस मार्ग-निर्देशिकालाई अन्तिम

रूप प्रदान गरी आयोगले १२ श्रावण २०६८ मा पारित गरेको छ ।

यस मार्ग–निर्देशिकाले सचेत उपभोक्ता र उपभोक्ताको मानवअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धनमा चासो राख्ने सरोकारवालाहरू सबैलाई सहयोग पुऱ्याउने विश्वास लिएको छु । यसले उपभोक्ताहरूको मानवअधिकारका विविध पक्षहरूलाई समेटेर अनुगमन गर्न मद्दत गर्नेछ । उपभोक्ता अधिकारप्रति जागरुक र जिम्मेवार जोकोहीलाई पनि यसले एउटा मार्ग–दर्शनको काम गर्नेछ भन्ने विश्वास पनि लिइएको छ ।

आयोगले यस मार्ग–निर्देशिकाको प्रकाशनपश्चात यसलाई सार्वजनिक जानकारी र प्रयोगको लागि आयोगको वेबसाइटमा राख्नुका साथै सरोकारवाला निकायहरूमा वितरण गर्ने योजना बनाएको छ । साथै, यसबाट उपभोक्ताको मानवअधिकारलाई संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा थप सहयोग मिल्ने विश्वास गरिएको छ ।

अन्त्यमा, सबै सरोकारवाला पक्षहरूबाट यस कार्यलाई प्रभावकारी बनाउन सकारात्मक सुझावहरू पाउने अपेक्षा पनि आयोगले गरेको छ। यस मार्ग- निर्देशिकालाई यस रूपमा ल्याउन सहयोग पुऱ्याउने आयोगका सचिव विशाल खनाल, निर्देशक वेदप्रसाद भट्टराई, उप-निर्देशकद्वय कोषराज न्यौपाने र अच्युत आचार्य, मानवअधिकार अधिकृतहरू उमा जोशी, मायादेवी शर्मा, भीमप्रकाश ओली, कैलाशकुमार सिवाकोटी लगायत सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु।

गौरी प्रधान
सदस्य/प्रवक्ता
राष्ट्रिय मानवअधिकार आयोग
१२ साउन, २०६८